स्वर्णिम क्वार्टरफाइनलमा

काठमाडौं स्वर्णिम नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। म्युचाटारस्थित आयोजक रेडियन्ट पब्लिकको कोर्टमा स्वर्णिमले साई निलायमलाई १०-६ ले पराजित गऱ्यो। स्वर्णिमकी निशिशा महर्जनले ५ स्कोर गरेकी थिइन्। जुनियर पुरुषमा आयोजक रेडियन्टले साई निलायमलाई १९-४ ले हरायो। इडेन ब्रिज एकेडेम (इबिए)ले पिपुल्स एकेडेमीमाथि २२-४ को जित निकाल्यो।

सृजना ज्ञान सागरले रेडियन्ट रिडर्सलाई २०-६ ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गऱ्यो। रेडियन्टका अर्नभजंग कार्कीले ७, इबिएका आदित्य श्रेष्ठले ९ र सृजना ज्ञान सागरका प्रिमल तामाङले ९ स्कोर गरे। सोही स्पर्धाको लिग खेलमा ग्रिनफिल्डले ग्रिन लन्सलाई २३-३ ले पाखा लगायो। ग्रिनफिल्डका लागि रिसन तामाङले ७ स्कोर गरेका थिए।

सिनियर पुरुषमा ग्रिनफिल्डले स्किब्सलाई ३५-४ ले निराश पारेको छ। ग्रिनफिल्डका पूजन उप्रेतीले सर्वाधिक ११ स्कोर गरेका थिए। जेनिथले कोभिसीलाई ४१-१६ ले हरायो। जेनिथका अनिश गुरुङले ८ स्कोर गरे। रेडियन्ट पब्लिकले रेडियन्ट रिडर्सलाई ४३-२२ र पिपुल्सले विस्डमलाई ३४-१२ ले पन्छ्याउँदै प्रिक्वार्टरफाइनल यात्रा तय गरे।

यू-१९ को कप्तानी देवले गर्ने

देव खनालको कप्तानीमा नेपालले ८ डिसेम्बरदेखि युएईमा सुरु हुने एसिया कपमा प्रतिस्पर्धा गर्नेछ। नेपालले उपाधि दाबेदार भारत, पाकिस्तान र अफगानिस्तानसँग खेल्नेछ।

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले युएईमा हुने एसिसी यू- १९ एसिया कपका लागि देव खनालको कप्तानीमा १४ सदस्यीय अन्तिम टोली घोषणा गरेको छ। प्रमुख प्रशिक्षक जगत टमाटाको सिफारिसमा क्यानले मंगलबार तीनजना अनुभवी खेलाडीलाई बाहिर राखेको छ। सिनियर राष्ट्रिय क्रिकेट टोलीबाट यसै वर्ष एकदिवसीय विश्वकप छनोट र प्रिमियर कप खेलेका मिलन बोहरा, दीपक बोहरा र दुर्गेश गुप्ताले एसिया कपका लागि घोषित टोलीमा स्थान बनाउन सकेनन्। उनीहरूको स्थानमा राष्ट्रिय टोलीका अलराउन्डर गुलसन झा, सिगर तिलकराज भण्डारी र बायाँहाते ब्याट्समयान विपिन रावल टोलीले स्थान बनाएका छन्।

नेपालले एसिसी प्रिमियर कपको विजेताका रूपमा यू- १९ एसिया कपमा स्थान पक्का गरेको थियो। नेपालले युएईलाई फाइनलमा हराएको थियो। यू- १९ टोलीमा स्थान बनाएका तिलकले बागमतीबाट प्रतिस्पर्धा गरेका थिए। विपिनसँग कर्णालीको सिनियर टोलीको अभुनव छ। यू- १९ मा यसपटक गुल्सन झा र देवमध्ये एक कप्तानी बन्ने निश्चित थिए। राष्ट्रिय टोलीमा नेपालका लागि पछिल्लो समय उत्कृष्ट प्रदर्शन गरेका गुल्सनको सम्भावना धेरै थियो।

तर, उमेर समूहमा नियमित कप्तान देवले जिम्मेवारी पाउन सफल भए। एसिया कपको छनोटस्वरूप मलेसियामा भएको यू-१९ प्रिमियर कप आयोजना भएको थियो। नेपालले सेमिफाइनलमा जापानलाई हराउँदै एसिया कपमा स्थान बनाएको थियो। प्रतियोगिता नियमअनुसार फाइनल पुग्ने दुवै टोली एसिया कपमा छनोट हुने प्रावधान थियो। एसिया कपमा नेपाललाई पुऱ्याएका प्रज्वलबहादुर थापा, निर्मल गुरुङ, राजेश यादव, दुर्गेश गुप्ता, मिलन, बोहरा यसपटक टोलीमा रहेनन्। प्रतियोगिता डिसेम्बर ८ देखि १७ सम्म युएईमा हुँदै छ।

भारत र पाकिस्तानसँग खेल्ने

युएईमा अर्को महिनादेखि सुरु हुने एसिया कपमा नेपाल समूह ए मा छ। नेपालले आफ्नो समूह यू- १९ कै बलियो र उपाधि दाबेदार मानिने भारत, पाकिस्तान र अफगानिस्तानसँग प्रतिस्पर्धा गर्नेछ। नेपालले पहिलो खेल पाकिस्तानसँग २२ मंसिरमा दुबईको आइसिसी एकेडेमी ओभल-२ मा खेल्नेछ। २४ मंसिरमा नेपालले अफगानिस्तानविरुद्ध खेल्नेछ। समूह चरणको अन्तिम खेलमा नेपालले भारतसँग २६ मंसिरमा भिड्नेछ। समूह बी मा बंगलादेश, श्रीलंका र जापान छन्।

समूहका दुई शीर्ष टोली सेमिफाइनल पुग्नेछन्। फाइनल १ पुसमा हुनेछ। यसअघि एसिया कप पाकिस्तानमा हुने भनिएको थियो। तर, भारत पाकिस्तानमा गएर प्रतिस्पर्धा नगर्ने घोषणा गरेपछि एसियन क्रिकेट काउन्सिल (एसिसी)ले युएईमा प्रतियोगिता सारेको हो। यसअघि सिनियर टोलीबीच हुने एसिया कप पनि पाकिस्तान र श्रीलंकामा भएको थियो।

दुई दशकपछि एसिया कपमा स्थान सुरक्षित गर्दा सिनियर नेपाली टोलीले पाकिस्तान र श्रीलंकामा प्रतिस्पर्धा गरेको थियो। नेपालले पाकिस्तानमा पाकिस्तानसँग खेल्यो। श्रीलंकामा नेपाल भारतविरुद्ध भिडेको थियो।

नेपाली टोली

देव खनाल (कप्तान), अर्जुन कुमाल, आकाश त्रिपाठी, दीपक डुम्रे, हेमन्त धामी, गुलसन झा, दीपेश कँडेल, विशालविक्रम केसी, सुभाष भण्डारी, दीपक बोहरा, उत्तम रंगु थापा मगर, विपिन रावल, तिलकराज भण्डारी, आकाश चन्द।

■ केपी ओली कप टी-२०

दोस्रो जितसँगै आर्मी अन्तिम चारमा

कास्कीमा रोहितराज परानुली

विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले समूह 'डी' मा दोस्रो जित निकाली पोखरामा जारी प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। आर्मीले कोशी प्रदेशलाई ३९ रनले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो। मंगलबारको खेलसँगै प्रतियोगिताको सेमिफाइनलमा पुग्ने चारै टोलीको छिनोफानो भएको छ। समूह ए बागमती, समूह बी बाट रनरेटका आधारमा एपिएफ, समूह स बाट रनरेटका आधारमा मधेश र समूह डी को विजेताका रूपमा आर्मीले अन्तिम चारमा आफ्नो स्थान बनाएको हो।

दोस्रो खेलमा सुदूरपश्चिमले अनुभवी खेलाडीले भरिएको नेपाल प्रहरी क्लबलाई चार विकेटले हरायो। पहिलो ब्याटिङ गरेको पुलिसले २० ओभरमा चार विकेटको क्षतिमा एक सय ५८ रन जोडेको थियो। सुदूरपश्चिमले १८.४ ओभरमा ६ विकेटको क्षतिमा एक ६२ रन जोड्दै सानदार जित निकाल्यो।

आर्मी ३९ रनले विजयी

कोशीविरुद्ध आर्मीले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेट गुमाएर एक सय ८६ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा कोशीले १८.२ ओभरमा सबै विकेट गुमाएर एक सय ४७ रन जोड्दा आर्मी ३९ रनले विजयी भयो। आर्मीको जितमा सोमपाल कामीले २३ रनमा दुई विकेट लिए।

पहिलो ब्याटिङ गरेको आर्मीलाई राष्ट्रिय टोलीका क्रिकेटरको साथ पायो। सन्तोष कार्की र विनोद भण्डारीले पहिलो विकेटका लागि ३९ रनको साझेदारी गरे। विनोदले १६ बलमा एक चौका र दुई छक्का प्रहार गरी १७ रन जोडे। रोहित पौडेल र सन्तोषबीच दोस्रो विकेटका लागि ४८ रनको साझेदारी भयो। रोहितले १५ बलमा २५ रन जोडेका थिए। सन्तोषले भीम सार्कीसँग तेस्रो विकेटका लागि ६३ रनको साझेदारी गर्दै टोलीलाई १६.१ ओभरमा १५०/३ को बलियो स्थितिमा राखे। सन्तोषले ४१ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ५० रन बनाए। भीमले २४ बल सामना गरी पाँच छक्का र तीन चौकाको सहयोगमा सर्वाधिक ५३ रन जोडे।

■ नेपाल सुपर लिग

काठमाडौंले चितवनलाई रोक्यो

नयाँ पत्रिका

साविक विजेता काठमाडौं रेजर्सले अन्तिम इन्जुरी समयमा गोल गर्दै मंगलबार नेपाल सुपर लिग (एनएसएल)मा एफसी चितवनलाई १-१ को बराबरीमा रोक्न सफल भएको छ। खेलको ८६औं मिनेटमा चितवनले १-० को अग्रता लिएको थियो। चितवनले खेल लगभग आफ्नो नियन्त्रणमा राखेको थियो। तर, अन्तिम तीन मिनेटको इन्जुरी समयमा चितवनले सम्हालिएर खेल्न सकेन। यसको फाइदा काठमाडौंले उठायो।

काठमाडौंले त्यही इन्जुरी समयमै गोल गर्दै महत्वपूर्ण एक अंक बटुल्यो। काठमाडौंले पहिलो खेलमा इलामलाई हराएको थियो। चितवन यसअघि पोखरासँग पराजित भएको थियो। दुई खेलपछि काठमाडौं चार अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ। चितवनले दुई खेलबाट एक अंक हात पारेको छ।

खेलको ८६औं मिनेटमा चितवनले आत्मघाती गोलबाट १-० को अग्रता लियो। मैदान प्रवेश गरेलगत्तै नवयुग श्रेष्ठले डिबक्सभित्र विमल घर्तीमगरलाई क्रसपास निकालेका थिए। विमलले पोस्टनजिक दोस्रो बारमा

बल प्रहार गरे। विमलले प्रहार गरेको बल सानो डिबक्सभित्र काठमाडौंका कोमिओनको खुट्टामा डिफ्लेक्ट हुँदै गोल भयो। काठमाडौंका अभिषेक बरालसँगै डिफ्लेक्ट भएको बल रोक्ने कुनै समय नहुँदा चितवनले अग्रता लियो।

चितवनले अग्रता रक्षा गर्न सकेन

चितवनले आफ्नो अग्रता लामो समयसम्म टिकाउन सकेन। यद्यपि, लिगमा चितवन पहिलो जितको खोजीमा निकै नजिक पुगेको थियो। इन्जुरी समयमा एनकेगे जुनियरले काठमाडौंलाई १-१ को बराबरीमा ल्याए। उनले डिबक्स भित्र तीन डिफेन्डरको बीचबाटै दोस्रो बारमा उत्कृष्ट भली गोल गरे। चितवनको गोलरक्षक विशाल श्रेष्ठसँग जुनियरको गोल प्रयास रोक्न समय नै थिएन। त्यसअघि दुवै टोलीले पहिलो तथा दोस्रो हाफमा स्पष्ट गोल अवसर चुकाएका थिए।

चितवनका विमलको पासमा रफिकको गोल प्रयासलाई काठमाडौंका गोलरक्षक अभिषेकले बचाए। खेलको १४औं मिनेटमा काठमाडौंका तोजिदिनोभको २५ यार्ड टाढाबाट प्रहार गरेको बल क्रसबारनजिकबाट बाहिरिएको थियो। खेलको ४०औं मिनेटमा चितवनका विमलको प्रहार पोस्टनजिक हुँदै बाहिरियो। खेलको ४९औं मिनेटमा काठमाडौंका आन्द्रेस नियाको पासमा मार्की खेलाडी हिसुब थपलियाले सहज गोल अवसर चुकाए।

त्रिवेणी कपको विजेताले आठ लाख पाउने

लमजुङ लमजुङमा २ पुसदेखि राष्ट्रव्यापी फुटबल प्रतियोगिता हुने भएको छ। त्रिवेणी युवा क्लबले बैसीसहरमा पत्रकार सम्मेलनमा ३१औं त्रिवेणी कपको तयारी र विजेता धनराशीको जानकारी दिएको हो। ३१औं संस्करणमा पहिलो हुने टोलीले आठ लाख रुपैयाँ पाउनेछ। उपविजेताले चार लाख प्राप्त गर्ने आयोजकले जनाएको छ। दुई सेमिफाइनलिस्टले जनही एक जाख रुपैयाँ पाउने क्लबका अध्यक्ष राजकुमार घिमिरेले बताए। गत वर्ष विजेताले पाँच लाख रुपैयाँ पाएको थियो।

यसपटक विजेताले थप तीन लाख रुपैयाँ प्राप्त गर्ने भएको छ। यसपालि हामीले विजेता धनराशी बढाएका छौं, 'घिमिरेले भने, 'यसबाट त्रिवेणी कप प्रतिस्पर्धात्मक हुने अपेक्षा छ।' प्रतियोगितामा धेरै गोल गर्ने र सर्वोत्कृष्ट खेलाडीले जनही २० हजार रुपैयाँ जित्नेछ। प्रतियोगितामा ४७ लाख १० हजार खर्च हुने घिमिरेले बताए। प्रतियोगिता बैसीसहरमा रहेको सहजी खेलमैदान त्रिवेणी रंगशालामा हुने भएको हो।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
दमौली, तनहुँ

खरिद सम्झौताको अन्त्य तथा कालोसुचिमा राख्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०८/१३ (२०२३/११/२९)

साविकको पूर्वाधार विकास कार्यालय (व.स.पु), नवलपुर र निर्माण व्यवसायी श्री खड्ग देवि निर्माण सेवा, तनहुँ, नेपाल विच सम्झौता भई यस कार्यालयमा हस्तान्तरण भएको योजना Upgrading of Damauli Keshavtar Shukhaura Bandipur Road, (Contract ID: IDO–NAW(BSE)–W–NCB–40–2076/77) को निर्माण कार्य निर्माण व्यवसायी श्री खड्ग देवि निर्माण सेवा, तनहुँ, नेपाल ले सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापारवाहीको कारण सम्पन्न नगरेको देखिएकाले सम्झौताको GCC 72 (Termination) बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम खरिद सम्झौता अन्त्य गरि सम्झौताको सर्त GCC 74 बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा १ (ग) बमोजिम कालोसुचिमा राख्न सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

आ.व. २०८०/०८१ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर सकलन, उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना
(Electronic Bid Only)

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१३ गते)

भिमाद नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले "स्थानीय सरकार सचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क बमोजिम आ.व. २०८०/०८१ का लागी यस नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदी जन्य सामाग्री ढुंगा, गिटी, वालुवा, माटो, दहत्तरबहत्तर सकलन शुल्क भिमाद नगरपालिकाको वातावरण तथा प्रकृतिक स्रोत सरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८० ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्त गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागी यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभ साइट www.bhimadmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व शाखामा सम्पर्क राख्न सकिने छ।

ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

ठेक्का नं.	प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०७९ अनुसारको घाटको विवरण	उत्खनन हुने अधिकतम परिमाण (घन.फिट)	न्यूनतम रकम (मु.अ.कर र आय कर सहित)	बोलपत्र जमानत रकम (धरौटी रकम)	बोलपत्र फारम दस्तुर
१/आय/भिमाद न.पा./०८०/०८१	दब्ल्याङ घाट	१३६६१४।४	१३,२९,६००	कबोल अंक (मु.अ.क. र आयकर सहित) को ५% ले हुन आउने रकम	३०००
२/आय/भिमाद न.पा./०८०/०८१	झक्कास माथिल्लो घाट	१५३७३९।७	१३,९०,६५५		३०००
३/आय/भिमाद न.पा./०८०/०८१	झक्कास तल्लो घाट	३७६३६९।३	३३,३९,८१०		३०००
४/आय/भिमाद न.पा./०८०/०८१	बाँदरकुना माथिल्लो घाट	२६३४४७।९	२४,७३,५१५		३०००
५/आय/भिमाद न.पा./०८०/०८१	बाँदरकुना तल्लो घाट	३५५६४२।३	३३,३९,१२५		३०००
६/आय/भिमाद न.पा./०८०/०८१	गेरुवा माथिल्लो घाट	५७८१३०।६	५५,२७,३६५		३०००
७/आय/भिमाद न.पा./०८०/०८१	गेरुवा तल्लो घाट	२६७८२६।४	२५,१४,६२५		३०००

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences
Bir Hospital
Mahabouddha, Kathmandu

Invitation of Re-Bid

Date of Publication : 29 November, 2023 (2080/08/13 B.S.)

1. *National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu* invites re-tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information *National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.* Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in www.bolpatra.gov.np/egp and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1000100200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12.00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of *National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.*
7. Any provisions which are not mentioned in this notice will be consistent with public procurement act (PPA), 2063/Public Procurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/80/81/01-RE	Supply & Delivery of Nuclear Medicine Reagents (Goods)	2080-08-28; 14.00	3,000.00	Rs.1,70,000/-

Director

नयाँ प्रकाशन प्रा.लि. द्वारा प्रकाशित तथा मुद्रित। कार्यकारी निर्देशक : सुशील थापा। अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक : कृष्णज्वाला देवकोटा। कार्यालय : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं. ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com